नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

# जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८१

**प्रस्तावनाः** जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३ उपदफा (१) बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्त्व समेतको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यवसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्नुपूर्व केन्द्रमा पञ्जीकरण गराउनु पर्ने व्यवस्था गरेको छ, साथै जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८१ को नियम ३ मा पञ्जीकरणका लागि निवेदन दिनु पर्ने, नियम ४ ले पञ्जीकरण गर्दा सर्त पूरा गर्नु पर्ने, नियम ५ ले जीवनाशक विषादीको पञ्जीकरण गर्ने र पञ्जीकरण प्रमाणपत्र दिनु पर्ने व्यवस्था गरेको छ ।जीवनाशक विषादी व्यवस्थापन ऐन, नियमावलीको कार्यान्वयन तथा जीवनाशक विषादीको पञ्जीकरण कार्यलाई जीवनाशक विषादी व्यवस्थापन ऐन, नियमावली अनुसार थप सरल, सहज, समयसापेक्ष तथा परिणाममुखी बनाई जीवनाशक विषादी सुरक्षित र न्यायोचित प्रयोग गराउन साथै जीवनाशक विषादी पञ्जीकरण प्रक्रिया निर्धारण गर्न जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा १५ (ग) को अधिकार प्रयोग गरी प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनःप्याकिङ्ग गर्न नियम ११ को उपनियम (३) बमोजिम दिएको इजाजतपत्र सम्झनु पर्छ।

(घ)

## परिच्छेद-२

३. **निवेदन पेश गर्ने व्यक्ति, संस्था वा निकायको योग्यता र कागजातः** (१) जीवनाशक विषादी तथा त्यस्तो जीवनाशक विषादीको सक्रिय तत्व समेतको पञ्जीकरण गराउन चाहने व्यक्ति,

भोजराज सापकोटा
प्रमुख

संस्था वा निकायले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ३ को उपनियम

(१) अनुसार देहायका कागजात तथा विवरणहरु नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत केन्द्र समक्ष पेश गर्नु पर्नेछ,

(क) प्रचलित कानून बमोजिम व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा निकाय भएमा त्यस्तो निकायको आधिकारिक पत्र,

(ख) जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर,

(ग) जीवनाशक विषादी उत्पादन र संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने वा निकासी पैठारी गर्ने व्यक्ति, संस्था वा निकायले कम्तीमा कक्षा दशको अन्तिम परीक्षा (एस.ई.ई.) वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र,

(घ) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न केन्द्रले प्रदान गरेको इजाजतपत्र,

(ङ) उत्पादकले नेपालमा विक्री वितरण गर्न दिएको आधिकारिक वितरक पत्र ।

(२) उपदफा (१) अनुसार पेश भएका काजताज तथा विवरणको अध्ययन गरी केन्द्रले जीवनाशक विषादी पञ्जीकरण गर्न योग्य व्यक्ति, संस्था वा निकायलाई जीवनाशक विषादीको पञ्जीकरणका लागि आवश्यक प्रकृया अनुसारका कागजात तथा विवरण राख्न नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा अनुमति दिनेछ ।

४. <u>पञ्जीकरणका लागि पेश गर्नु पर्ने कागजात तथा विवरणहरु:</u> (१) जीवनाशक विषादीको पञ्जीकरणका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत देहाय अनुसारका कागजात तथा विवरणहरु पेश गर्नु पर्नेछ ।

(क) जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को अनुसूची-१ अनुसारको उक्त जीवनाशक विषादीको आवेदनमा उल्लेखित विवरण,

(ख) जीवनाशक विषादी व्यवस्थापन नियमावलीको नियम ३ को उपनियम (१) (ङ), (च), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) मा उल्लेखित कागजातहरु नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

(२) नियमावलीको नियम ३ को उपनियम १ (छ) को सूचकपत्र तीन प्रति र कन्टेनर एक थान प्रदेशको कृषि हेर्ने मन्त्रालय मार्फत वा केन्द्रको विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखामा बुझाउनु पर्नेछ ।

(३) नियमावलीको नियम ३ को उपनियम (१) (ड) बमोजिमको प्रयोगकर्ताका लागि नेपाली भाषामा लेखिएको अनुसूची-१ बमोजिमको विवरण (सक्कल प्रति र इलेक्ट्रोनिक प्रति केन्द्रको विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखा समक्ष बुझाउनु पर्नेछ) र

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

केन्द्रले अभिलेख राख्नेछ। उपदफा (१), (२) र (३) को प्रक्रिया पूरा भएको मितिले केन्द्रले पञ्जीकरण साठी दिन भित्र पूरा गर्नुपर्नेछ।

(४) नेपाल राष्ट्रिय एकद्वार प्रणाली र केन्द्र समक्ष पेश गरिएका कागजात, विवरण, सूचकपत्र, कन्टेनर, नेपाली भाषामा तयार गरिएको पर्चा लगाएतका विवरणको अध्ययन, विश्लेषण गरी केन्द्रले केहि सुधार वा परिमार्जन गर्न आवश्यक देखेमा सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई नेपाल राष्ट्रिय एकद्वार प्रणालीवाट प्रश्न तथा लिखित जवाफ वा निर्देशन दिन सक्नेछ। प्रश्न तथा लिखित जवाफ वा निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

(६) आवश्यकता अनुसार परिमार्जन गरी केन्द्रमा पेश भएका सूचकपत्र, कन्टेनर र प्रयोगकर्ताको लागि नेपाली भाषामा लेखिएको विवरण स्वीकृत पश्चात केन्द्रले अभिलेखिकरण सहित सुरक्षित राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वीकृत भएको नेपाली भाषामा लेखिएको विवरणको प्रमाणित प्रति उपलव्ध गराउनेछ । (८) जीवनाशक विषादीको पञ्जीकरणका लागि केन्द्र प्रमुखवाट स्वीकृत भए पश्चात केन्द्रले नियमावलीको अनुसूची-२ बमोजिमको जीवनाशक विषादी पञ्जीकरणको अभिलेख केन्द्रले राख्नेछ र नियमावलीको अनुसूची-३ अनुसारको शुल्क लिइ नियमावलीको अनुसूची-४ बमोजिमको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(९) उपदफा (८) अनुसार केन्द्र प्रमुखवाट पञ्जीकरणको निर्णय भएको जीवनाशक विषादी नेपाल राजपत्रमा प्रकाशनका लागि अनुसूची-२ बमोजिमको अभिलेख केन्द्रले तयार गर्नेछ ।

(१०) पञ्जीकरणका लागि पेश भएका निवेदनहरु मध्ये कुनै नयाँ टेक्निकलको जीवनाशक विषादी भएमा केन्द्रले आवश्यकतानुसार विज्ञको राय लिन सक्नेछ ।

(११) नयाँ टेक्निकलको जीवनाशक विषादीको पञ्जीकरणका लागि निवेदन पेश गर्ने व्यक्ति संस्था वा निकायलाई अनुसूची-३ बमोजिमको ढाचाँमा केन्द्रले प्रस्तुतिकरण गर्न लगाउन सक्नेछ ।

५. <u>पञ्जीकरण इन्कार गर्न सक्ने:</u> (१) जीवनाशक विषादीको पञ्जीकरणका लागि पेश भएका कागजात तथा विवरणहरुमा नियमावलीको नियम ५ को उपनियम (३) को अवस्था पाइएमा पञ्जीकरण इन्कार गर्न सक्नेछ ।

भोजराज सापकोटा
प्रमुख

६. <u>निवेदकले पालना गर्नु पर्ने सर्तहरु:</u> (१) जीवनाशक विषादी पञ्जीकरणका लागि निवेदन दिने निवेदकले जीवनाशक विषादीको व्यापारिक नाम दर्ता भएका जीवनाशक विषादीसंग हुवहु मिल्ने गरी राख्न पाइने छैन।

(२) जीवनाशक विषादीको उत्पादन गरिएको देशको एउटा पञ्जीकरण प्रमाणपत्र नं. वाट दुई फरक व्यापारिक नामले जीवनाशक विषादी पञ्जीकरण गर्न पाइने छैन ।

(३) पञ्जीकरण गरिएको जीवनाशक विषादीसंग हुवहु रङ्ग वा आकार तथा समान देखिने गरी झुक्काउने प्रयोजनले सूचकपत्र वनाउन पाइने छैन। यदि त्यसो गरेको पाइएमा दुवै पञ्जीकरण भएका जीवनाशक विषादी उपर छानविन गरी केन्द्रबाट पञ्जीकरणलाई निलम्बन वा खारेज गर्न सकिनेछ।

(४) दफा ५ का अतिरिक्त केन्द्रले जीवनाशक विषादीको उत्पादन गर्ने देशको ट्रेड मार्क रजिष्ट्रेसन सर्टिफिकेट माग्न सक्नेछ । उक्त मागेको विवरण बुझाउनु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ ।

(५) जीवनाशक विषादी एक पटक केन्द्रमा पञ्जीकरण गराइसकेपछि उक्त जीवनाशक विषादीको सूचकपत्रमा कुनै परिवर्तन नभएमा अन्य इजाजतपत्र प्राप्त पैठारीकर्ताले केन्द्रमा पञ्जीकरण गराई राख्नु पर्ने छैन।

७. <u>थपघट वा हेरफेर गर्न सक्ने:</u> यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन केन्द्रले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

८. <u>अमान्य हुने:</u> यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची-१

### जीवनाशक बिषादीको नमूना नेपालीपर्चा

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादीको सामान्य नाम, सक्रिय तत्वको अंश, संश्लेषणको प्रकारः (font size 10) (जस्तै:कार्वेण्डाजिम ५०% जल घुलनशील धुलो)

जीवनाशक विषादीको व्यापारिक नाम:(font size 12) (जस्तै: **बेभिष्टिन**)

जीवनाशक विषादीको लक्षित शत्रुजीवको आधारमा, कार्य प्रकृतिका आधारमा वर्गिकरण:(font size 10) ( जस्तै ढुशिनाशक दैहिक बिषादी)

जीवनाशक विषादीको सिफारिश (font size 10)

जस्तै: **सिफारिस**

| बाली | रोग/झारपात/कीरा सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम वा एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्रा) वा एम.एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | पात मरुवा | २५०-५०० | ७५० | १४ दिन | |

**प्रयोग गर्ने बिधि** (font size 8)


आवश्यक परिमाणको बिषादी पहिले थोरै पानी राखेर एकनाशले घोलेर ५-१० मिनट त्यतिकै छोडी दिने । त्यसपछि सिफारिस परिमाणको पानी क्रमश मिसाउदै घोल्दै जाने र उपलव्ध स्प्रेयरको परिमाणमा राखी रोग लागेको बालीमा छर्ने ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

१. खाना, दाना, रित्ता खानाका भाडा भन्दा यो विषादी पर राख्ने ।
२. मुख, आँखा र छालामा विषादीको सिधा संपर्क हुन नदिने ।
३. बिषादी छिटदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । (Font size 12, bold)**

चेतावनी:(font size 10) (जस्तै: बच्चाको पहुँचबाट टाढा राख्नुहोस)



(font size; 100,)

**सावधान, हरियो**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस – ०१-५५२१५९७ वा यो ठेगानामा इमेल गर्नुहोस info@npponepal.gov.np

विषादीको उत्पादक र वितरकको नाम ठेगाना (font size 12)

पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं . (font size 12)

भोजराज सापकोटा
प्रमुख

हुदैन, हावा चलेको विपरित दिशा तर्फ पछि हट्दै छर्नु पर्छ ।

४. बिषादी छरी सकेपछि संपर्कमा आएका कपडा र शरिरका भागहरु राम्रोसंग सफा गर्नु पर्छ ।

५. बिषादी छर्दा खाने, केही चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

६. बिषादीको घोल बनाउँदा र छिट्दा सुरक्षित पहिरन अनिवार्य लगाउनु पर्छ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

टाउको दुख्ने, रिङटा लाग्ने, वाकवाक लाग्ने, पेटदुख्ने, बान्ता हुने हुन सक्छ

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

१. बिषादी निलेको छ र यदि बिरामी बेहोस छैन भने र बान्ता गराउदै जाने जबसम्म बमन निस्किरहन्छ ।

२. यदि कपडा र शरिरका भागहरु बिषादीको संपर्का आएका छन भने कपडा हटाउने, संसर्गमा आएका शरिरका भाग सावन पानीले धुने ।

३. यदि आँखा बिषादीको संसर्गमा आएको भए सफा पानीले १०-१५ मिनटसम्म आँखा सफा गर्ने ।

४. बिरामीलाइ ताजा हावामा निकाल्ने ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

प्रयोग गरीएका भाँडाको बिसर्जन

१. बिषादीको रित्ता भाडात्यतिकै छोडेर पुन प्रयोग गर्न हुँदैन। तिनीहरुले वातावरण र पानी प्रदुषण नहुने गरी शुरक्षित तवरले बिसर्जन गर्ने दायित्व, प्रयोगकर्ताको हुनेछ ।

२. बिषादी प्रयुक्त बट्टाहरु पुन प्रयोग गर्न हुँदैन, यिनलाई टुटाएर बस्ति भन्दा टाढा पुर्नु पर्नेछ ।

भण्डारणको अवस्था

१. बिषादी रहेका प्याकेटहरुका भण्डारण खाध्यान्न राख्ने, सुत्ने, बस्ने स्थान भन्दा पृथक र सिधै घाम नआउने स्थान हुनु पर्नेछ ।

२. बिषादीका भाडा/प्याकेटहरु राम्रो संग बनाइएका ओस नआउने, सुखा, राम्रो भेण्टिलेटरको सुबिधा भएको स्थान हुनु पर्नेछ ।

उत्पादित देशको रजिष्टर नं. (font size 10)

नेपालमा पञ्जीकरण गरिएको नं.

Pictorograms:




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

नोट- १ नेपालमा उत्पादन गरिएको बिषादी वा नेपाल कृषि अनुसन्धान परिषदले बिशेष सिफारिस गरेको वा जीवनाशक बिषादी व्यवस्थापन समितिले बिशेष निर्णय गरेकोमा सो बुँदा पर्चामा लेख्ने ।

२ नेपाली भाषामा पर्चामा लेख्ने । नेपाली भाषामा लेख्दा Preeti Font को प्रयोग गर्ने साथै उल्लेखित Font size मै लेख्नु पर्ने।

(यो पर्चाको नमूनामात्र हो। यसमा राखिएका सूचना पञ्जीकरण गर्न पेश गरेको जीवनाशक विषादी संग मेल नखान सक्छ अतः जीवनाशक विषादीको प्रकृती तथा गुण अनुसार यो पर्चा तयार गर्नु हुन अनुरोध छ

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

Leaflet size – 11” X 8”
Paper Quality – 60 grams paper
Colour–Give background colour of leaflet as white and the font colour in black. Only pesticide toxicity (Red, Yellow, Blue and Green sign picture use the respective colour)
Font size – 6- 18
Read label before reading leaflets **(in bold letter)**

**यो पर्चालाई पञ्जीकरण पश्चात प्रमुखले प्रमाणीत गरी केन्द्रको web sites मा राख्नु पर्नेछ ।**

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र

अनुसूची- २

जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३ को उपदफा (६) को व्यवस्था अनुसार पञ्जीकरण गरिएका जीवनाशक विषादीको नेपाल राजपत्रमा प्रकाशनका लागि समावेश हुनु पर्ने विवरणहरु:

| क्र. स. | सामान्य नाम | विषादीको प्रकार | विषादीको प्रयोग क्षेत्र (कृषि, जनस्वास्थ्य, पशु पन्छी) | विश्व स्वास्थ्य संगठनको वर्गीकरण | घातक मात्रा ५० | उत्पादक को नाम र देश | नेपालमा पञ्जीकरणकर्ता | नेपालमा पञ्जीकृत नं |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

केन्द्रले पञ्जीकृत जीवनाशक विषादीको व्यापारिक नाम सहितको विवरण केन्द्रको web sites: www.npponepal.gov.np मा राख्नुपर्नेछ। केन्द्रको web sites मा राखिने विवरण तपसिल अनुसार हुनेछ ।

| क्र स | जीवनाशक विषादीको व्यापारीक नाम | जीवनाशक विषादीको सामान्य नाम | जीवनाशक विषादीको CAS No | जीवनाशक विषादीको प्रयोग क्षेत्र | विश्व स्वास्थ्य संगठनको वर्गिकरण | घातक मात्रा ५० | उत्पादकको नाम र देश | उत्पादित देशको पञ्जीकृत नं | नेपालमा पञ्जीकरण गर्ने व्यक्ति,संस्था वा निकाय | नेपालमा पञ्जीकरण नं | पञ्जीकरण मिति | प्रमुख |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची-३

<u>नयाँ टेक्निकल जीवनाशक विषादी पञ्जीकरणका लागि पेश गर्नु पर्ने प्रस्तुतिको ढाँचा</u>

**Information of Importer**

1. Name and Address of Importer:
    a. Company Name and Address……………………..
    b. License No…………………………………
    c. PAN No…………………………………
2. Business experience:
3. Number of authorization of import:
4. Name and address of manufacture:
5. ISO/License of manufacture:
6. Name and address of formulator:
7. License of manufacture:
8. Name of marketer and address:
9. Marketing agreement document:

**Presenter** (note: the presenter must be the technical person of the manufacture company)

Name:

Position:

Education:

Experience:

**Agenda**

a. Objective of Registration:
b. Intended Use sector:
c. Use category:
d. Name of pesticide…………………………(trade name)
……………………………..(Common name)
e. (Chemical abstracts Service) CAS Registry Number:
f. CAS Name:

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

g. IUPAC (International Union of Pure and Applied Chemistry name):

**Pure active ingredient:**

i) Melting Point:

ii) Boiling point:

iii) Solubility:

iv) Density:

v) Active ingredient content (g/l, or g/Kg)…………………

**Type of Formulation**……………………..

**Physical and Chemical Properties:**

i) Color:

ii) Odor:

iii) Density:

iv) Flammability:

v) PH:

**Chemical composition of the product:**

**Mode of action:**

**Absorption, distribution and excretion of pesticide:**

**Justification for the registration (compare with the registered similar product, compare with price and efficacy/ why need for registration):**

**Information on LD-50 and ecotoxicology**

a. LD50 of the active ingredient: (oral/dermal)
b. LC50
c. WHO classification/ GHS of classification………..

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

**Use pattern**

| Common name : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Crop | Target Pest | Uses | a. i. | Formulation | Dilution in water | Waiting period | MRL/ADI | Remarks |

**Human Health Issues (including acute and chronic):**

**Symptoms of poisoning and antidotes:**

**Pesticide container and storage:**

a. **Type of container:**
b. **Size of the container:**
c. **Specific requirement for storage:**

**Information related to safe use of pesticide and human protection:**

**<u>Other attachments to be submitted during presentation</u>**

a. Authorized dealership letter:
b. Notarized Approved label in foreign country:
c. Approved manufacture license of the manufacture company
d. Material Safety data sheet:
e. Pesticide label and leaflet
    - Original label both sides
    - Pesticide Printed label for Nepali farmers (sample copy)
    - Leaflets in Nepali language (Sample copy)
f. Notarized Foreign Registration Certificate
g. Research papers of the pesticide regarding its effectiveness, residue, eco-toxicology and impact on human health and environment (recent 5 years)

भोजराज सापकोटा
प्रमुख